# नेपालगन्ज उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### नेपालगन्ज, बाँके

**सटर भाडामा दिने सम्बन्धि सूचना ।**
**(प्रथमपटक प्रकाशित मिति : २०७६/०७/२७ गते)**

यस कार्यालयको उत्तर पट्टि बनेका नयाँ सटरहरु ९ वटा ( सटर नम्वरहरु २६,२७,२८,२९,३०,३१,३४,३५ र ३६ ) भाडामा संचालन गर्नको लागि तपसिलका शर्तका अधिनमा रहने गरी भाडामा लिन चाहने ईच्छुक व्यक्ति, व्यवसायिक फर्म, संघ संस्थाहरुलाई १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

१. व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्मको हकमा स्थायी लेखा नम्बर प्रमाणपत्र/ मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व.०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्नेछ, साथै प्रस्ताव स्वीकृत भएमा यस कार्यालयबाट अनिवार्यरुपमा व्यवसाय दर्ता प्रमाणपत्र लिनुपर्नेछ ।

२.प्रस्ताव फारम दस्तुर प्रति सटर रु.५००।-(फिर्ता नहुने गरी) तिरी कार्यालयबाट उपलब्ध-हुनेछ ।

३.प्रस्ताव साथ यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, नेपालगंज शाखा स्थित धरौटी खाता नं.ग- ३४१३०३०३००७१०४ मा कवोल गरेको न्यूनतम एक महिनाको भाडा वरावरको हुने रकम जम्मा गरी सक्कल भौचर समेत पेश गर्नुपर्नेछ ।

४.न्यूनतम मासिक प्रतिसटर रु.१०,०००।-(अक्षरुपी दशहजार मात्र ।) ।

५. सम्झौता अवधि सम्झौता भएको मितिले ५ वर्षको हुनेछ ।

७. सटरमा अग्नी प्रदुषण, ध्वनी प्रदुषण र सडक आवागमनमा अवरोध गर्ने खालको पसल राख्न पाईने छैन ।

८. सटरको भाडा प्रत्येक महिनाको १ गते अनिवार्य बुझाउनु पर्नेछ । उक्त मितिमा दाखिला नगरेमा प्रति दिनको रु.१००।- का दरले जरिवाना बुझाउनु पर्नेछ । एक महिनाको अवधि सम्म जरिवाना र भाडा रकम नबुझाएमा राखेको धरौटी रकमबाट कट्टा गरि असुल उपर गरी कार्यालयबाट सटर खाली गराईनेछ ।

९.प्रस्ताव स्वीकृत भएका व्यक्ति तथा फर्महरुले अरु कसैलाई सटर हस्तान्तरण गर्न पाउने छैन ।

१०. सटर खाली गर्ने सम्बन्धमा दुवैपक्षले एक महिना अगावै जानकारी गराउनुपर्नेछ, जानकारी नदिई खाली गर्न/गराउन चाहेमा एक पक्षले अर्को पक्षलाई २ महिना वरावरको भाडा रकम क्षतिपूर्तिवापत दिनुपर्नेछ ।

११.सम्झौता अवधि समाप्त भएपछि उपमहानगरपालिकाले तोकेको शर्त पालना गर्ने गरि म्याद थप गर्न वा हटाउन सक्नेछ ।

१२.प्रस्ताव स्वीकृत भैसकेपछि मासिक कवोल अंकको थप २ महिना वरावरको रकम उपमहानगरपालिकाको धरौटी खातामा राख्नुपर्नेछ ।

१३.सटर भाडामा लिने पक्षले जुन अवस्थामा बुझेको हो सम्झौता अवधि समाप्त भएपछि साविककै अवस्थामा बुझाउनुपर्नेछ, अन्यथा नोक्सानीको विवरण वमोजिम क्षतिपूर्ति भराई धरौटी रकम फिर्ता दिईनेछ ।

१४.यस कार्यालयमा नियमित व्यवसाय नविकरण, वहाल कर,पानी र विजुलीको विलको रकम भाडावाला स्वयंले बुझाउनु पर्नेछ।

१५.प्रस्ताव स्वीकृत भैसके पछि स्वीकृती भएको सूचना प्रकाशित मितिले ७ दिन भित्र धरौटी रकम र अग्रिम भाडा रकम बुझाई सम्झौता गर्नु पर्नेछ । म्याद भित्र सम्झौता गरी रकम बुझाउन नआएमा धरौटी जफत गरी अन्यका नाममा न्यूनतम भन्दा क्रमशः बढि कबोल अंक भएका प्रस्ताववालाका नाममा स्विकृत भैजानेछ ।

१६. कुनै पनि शर्त राखेको प्रस्ताव स्वीकृत हुने छैन र निम्न अनुसारका प्रकृया पुरा नभएका प्रस्ताव स्वतः अस्वीकृत हुने छन्:-

क) प्रस्ताव फारममा दस्तखत नभएको ।

ख) प्रस्ताव फारममा केरमेट भएको वा सच्याईएको ठाउँमा दस्तखत नभएको ।

ग) प्रस्ताव साथ नियमानुसार राख्नु पर्ने धरौटी नराखेको

१७. प्रस्ताव दाखिल गर्नु पर्ने अन्तिम मिति प्रकाशित सूचनाको मितिले १६औं दिन कार्यालय समयभित्र ।

१८. प्रस्ताव खोलीने मिति र स्थान:- सूचना प्रकाशित भएको मितिले १७ औ दिन ने.ग.उ.म.न.पा.का. कार्यालयमा समय भित्र।

१९.अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

२०. प्रस्ताव फारम स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

२१. यस सूचना कार्यालयको वेवसाईट www.nepalgunjmun.gov.np बाट समेत हेर्न सकिनेछ ।

विस्तृत जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

(हरि प्याकुरेल)
प्रमुख प्रशासकीय अधिकृत